# ललितपुर महानगरपालिका

## बिनियोजन ऐन, २०७५

प्रमाणीकरण मिति : २०७५।३।२७

स्थानीय राजपत्रमा प्रकाशित मिति : २०७५

## ललितपुर महानगरपालिका

### ललितपुर जिल्ला

### प्रदेश नं. ३, नेपाल

## ललितपुर महानगरपालिकाको विनियोजन ऐन, २०७५

**ललितपुर महानगरपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्ने बनेको ऐन**

सभाबाट स्वीकृत मितिः २०७५/३/२७

**प्रस्तावनाः**

ललितपुर महानगरपालिकाको आर्थिक बर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान, २०७२ को धारा २२९ (२) बमोजिम ललितपुर महानगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम “ललितपुर महानगरपालिकाको विनियोजन ऐन, २०७५” रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :**

क. “नगर सभा“ भन्नाले ललितपुर महानगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ।

ख. “कार्यपालिका“ भन्नाले ललितपुर महानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

ग. “वडा समिति“ भन्नाले ललितपुर महानगरपालिकाको वडा समितिलाई सम्झनु पर्दछ।

घ. “विषयगत शाखा“ भन्नाले ललितपुर महानगरपालिका अन्तर्गतको विभाग, महाशाखा,शाखा, आयोजना, सचिवालय, ईकाइ, कार्यालय तथा अन्य प्रशासनिक ईकाइ समेतलाई सम्झनु पर्दछ।

ङ. “सञ्चित कोष“ भन्नाले ललितपुर महानगरपालिकाको सञ्चित कोषलाई सम्झनु पर्दछ।

३. **आर्थिक वर्ष २०७५/०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**: (१) आर्थिक वर्ष २०७५/०७६ को निमित्त महानगर कार्यपालिका, वडा समिति, विषयगत शाखा, महाशाखा, बिभागले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची -१ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.४,६०,७२,८७,०००।- (अक्षेरुपी चार अर्ब साठ्ठी करोड बहत्तर लाख सतासी हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गरिनेछ।

४. **विनियोजनः**

(१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/०७६ को निमित्त महानगर कार्यपालिका, वडा समिति र विषयगत शाखा, महाशाखा, बिभागले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा महानगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक श्रोतबाट अर्को श्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२)मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची-१

(दफा-२ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| **क्र.सं.** | **अनुदान संख्या** | **शीर्षकको नाम** | **चालु खर्च** | **पूँजिगत खर्च** | **वित्तिय व्यवस्था** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| **१** | **२** | **३** | **४** | **५** | **६** | **७** |
| २ | | नगरकार्यपालिका | १३३६००० | १३२००० | | १४६८००० |
| ३ | | वडा समिति | २९००० | ३७३००० | | ४०२००० |
| ४ | | बिषयगतशाखा | | २७३७२८७ | | २७३७२८७ |
| ५ | | ऋणको साँवा व्याज भुक्तानी | | | | |
| ६ | | लगानी ( शेयर/ऋण) | | | | |
| | | जम्मा | १३६५००० | ३२४२२८७ | | ४६०७२८७ |